# प्रदेश लोक सेवा आयोग
## सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली
(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)

## प्रदेश निजामती सेवाका अधिकृत नवौँ तहका प्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ४५/२०८२-०८३** **मितिः- २०८२।०९।३०**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहायका पदहरूका लागि सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, ३७ र ३७क. बमोजिम हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२।११।०५ गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। ज्येष्ठताको गणना सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३४,३७ र ३७क. बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट रूपमा भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र यस आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

### उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः
१. सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र सुदूरपश्चिम प्रदेशमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।
५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३७ र ३७क बमोजिम र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२ बमोजिम हुनेछ।
६. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३७ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।
७. बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २९ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने।

### क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १/०८२-८३ | उपसचिव/निर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | १ |

**ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | २/०८२-८३ | महिला विकास निर्देशक, विविध | १ |

**दरखास्त दस्तुरः** रु. १,२०० (एक हजार दुई सय रूपैंया)
**दरखास्त दस्तुर बुझाउने तरिकाः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१०००० मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्नेछ।
वा https:// revenue.fcgo.gov.np/ पोर्टल लगइन गरी दिइएको निर्देशन अनुसार प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेशको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्नेछ।
**कार्यालय कोडः** २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)
**राजस्व शीर्षक नं.** १४२२४

## प्रदेश निजामती सेवाका अधिकृत नवौँ तहका प्राविधिक पदहरूको आ.प्र., अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ४६/२०८२-०८३** **मितिः-२०८२।०९।३०**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आ.प्र., अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवाका आ.प्र.,अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरिनेछ।

### अधिकृत नवौँ तह

| क्र. सं. | विज्ञापन नं. ...०८२-८३ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ५०१/०८२-८३ | उपसचिव/निर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | प्रदेश | अन्तर तह | १ |
| २ | ५०२/०८२-८३ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | प्रदेश | महिला | १ |
| ३ | ५०३/०८२-८३ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | प्रदेश | दलित | १ |
| ४ | ५०४/०८२-८३ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | प्रदेश | महिला | १ |
| ५ | ५०५/०८२-८३ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | प्रदेश | खुला | १ |
| ६ | ५०६/०८२-८३ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | प्रदेश | महिला | १ |
| ७ | ५०७/०८२-८३ | कन्सल्टेन्ट रेडियोलोजिस्ट/रेडियोडाइग्नोसिस, स्वास्थ्य, रेडियोलोजी | प्रदेश | खुला | १ |
| ८ | ५०८/०८२-८३ | कन्सल्टेन्ट रेडियोलोजिस्ट/रेडियोडाइग्नोसिस, स्वास्थ्य, रेडियोलोजी | प्रदेश | महिला | १ |
| ९ | ५०९/०८२-८३ | कन्सल्टेन्ट डर्माटोलोजिस्ट, स्वास्थ्य, डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज | प्रदेश | खुला | १ |
| १० | ५१०/०८२-८३ | कन्सल्टेन्ट साइक्याट्रिस्ट, स्वास्थ्य, साइक्याट्री | प्रदेश | खुला | २ |
| ११ | ५११/०८२-८३ | कन्सल्टेन्ट साइक्याट्रिस्ट, स्वास्थ्य, साइक्याट्री | प्रदेश | महिला | १ |
| १२ | ५१२/०८२-८३ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | प्रदेश | महिला | १ |
| १३ | ५१३/०८२-८३ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | प्रदेश | दलित | १ |
| १४ | ५१४/०८२-८३ | कन्सल्टेन्ट ई.एन.टी. सर्जन, स्वास्थ्य, अटोरिनोल्यारिङ्गोलोजी | प्रदेश | खुला | १ |
| १५ | ५१५/०८२-८३ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | प्रदेश | महिला | १ |
| १६ | ५१६/०८२-८३ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एन्ड गाइनोक्लोजिस्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजी | प्रदेश | महिला | १ |
| १७ | ५१७/०८२-८३ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एन्ड गाइनोक्लोजिस्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजी | प्रदेश | दलित | १ |
| १८ | ५१८/०८२-८३ | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | महिला | १ |
| १९ | ५१९/०८२-८३ | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | दलित | १ |
| २० | ५२०/०८२-८३ | कन्सल्टेन्ट मेडिकल जनरलिस्ट, स्वास्थ्य, मेडिकल जनरलिस्ट | प्रदेश | खुला | १ |
| २१ | ५२१/०८२-८३ | कन्सल्टेन्ट प्याथोलोजिस्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | प्रदेश | महिला | १ |
| २२ | ५२२/०८२-८३ | मेडिकल ल्याब टेक्नोलोजिस्ट प्रशासक, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजी | प्रदेश | खुला | १ |
| २३ | ५२३/०८२-८३ | मेडिकल ल्याब टेक्नोलोजिस्ट प्रशासक, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजी | प्रदेश | महिला | १ |

**परीक्षा कार्यक्रमः-** लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।
**परीक्षाको किसिमः-** लिखित परीक्षा, सामूहिक छलफल, सीप परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)
**परीक्षा केन्द्रः-** धनगढी, कैलाली
**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।
**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ।
**दरखास्त दिने अन्तिम मितिः-** २०८२/१०/२० सम्म र दोब्बर दस्तुर तिरी २०८२/१०/२७ सम्म।
**उम्मेदवारको उमेरको हदः-** २०८२/१०/२० सम्म पुरुष उम्मेदवारको हकमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा समेत ४५ वर्ष ननाघेको हुनुपर्नेछ। तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन। तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नुपर्नेछ।
**दरखास्त दस्तुरः-** रु. १,२००/-(एक हजार दुई सय रुपैयाँ मात्र) (आ.प्र., अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येक विज्ञापनका लागि रु. ५००/- र थप पत्रका लागि प्रति पत्र थप ५००/- बुझाउनुपर्नेछ।)
**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्। त्यसपछि बैंक छानी Online Payment छान्नुहोस् र तोकिएको वालेटहरू छानी Username, Password राखी भुक्तानी गर्नुहोस्।
Offline Payment का लागि My Application मा गएर All Application मा Click गरेपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्। त्यसपछि तोकिएको बैंक छानी Offline Payment छान्नुहोस र Click here मा Click गरी Voucher Generate गरि सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ। ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिनेछैन।***
**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ।
**अपलोड गर्नुपर्ने कागजातहरूः-** अनलाइन दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ।
प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरबाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ।
**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम।
**सेवा, शर्त र सुविधाः-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

### खुला तथा अन्तर तह प्रतियोगिताका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः
१. **उपसचिव/निर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षणः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त।
२. **कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।
३. **कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।
४. **कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।
५. **कन्सल्टेन्ट रेडियोलोजिस्ट/रेडियोडाइग्नोसिस, स्वास्थ्य, रेडियोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।
६. **कन्सल्टेन्ट डर्माटोलोजिस्ट, स्वास्थ्य, डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेजः** मान्यता प्राप्त शिक्षण संस्थाबाट डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज विषयमा स्नातकोत्तर उपाधि प्राप्त।
७. **कन्सल्टेन्ट साइक्याट्रिस्ट, स्वास्थ्य, साइक्याट्रीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त।
८. **कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त।
९. **कन्सल्टेन्ट ई.एन.टी. सर्जन, स्वास्थ्य, अटोरिनोल्या रिङ्गोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अटोरिनोल्यारिङ्गोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त
१०. **कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट, स्वास्थ्य, एनेस्थेसियोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।
११. **कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजिस्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अब्स्टेट्रिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।
१२. **मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेजः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त।
१३. **कन्सल्टेन्ट मेडिकल जनरलिस्ट, स्वास्थ्य, मेडिकल जनरलिस्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी एम.डी. जी.पी. वा सो सरह उपाधि प्राप्त।
१४. **कन्सल्टेन्ट प्याथोलोजिस्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।
१५. **मेडिकल ल्याब टेक्नोलोजिस्ट प्रशासक, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

### आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाका लागि सूचना
(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
(घ) आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहका लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन)।
(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।
(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुन अगाडि रोजाइको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइनेछैन।
(छ) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकता क्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
(झ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

### नवौँ तहको विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि आवश्यक अनुभव
(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभवको प्रमाणपत्र पेश भएकोमा त्यस्तो पदको नियुक्ति पत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र
(१) निजामती तथा अन्य सरकारी निकाय,
(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,
(३) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,
(४) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
(५) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय (Statutory organization/Agency),
(६) संयुक्त राष्ट्र सङ्घ, यसका अङ्ग तथा विशिष्टीकृत निकाय,
(७) विश्वविद्यालयको आङ्गिक क्याम्पस,
(८) सामुदायिक क्याम्पस तथा विद्यालय,
(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्ति पत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, सङ्गठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेस गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृत स्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।
(ग) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव प्रमाण पत्र पेश गरेमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको बिदा स्वीकृतिको पत्र संलग्न भएमा त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।
(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।
(ङ) नियुक्ति पत्र वा करारनामामा आंशिक (Part-time) रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइनेछैन।
(च) एक वर्षभन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिनेछैन।
(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइनेछैन।
(ज) नवौँ तहको जुन सेवा समूह वा उपसमूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूह वा उपसमूहको अधिकृत पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृत स्तरको अनुभवलाई मान्यता प्रदान गरिनेछ।
(झ) नियुक्तिपत्र वा करारनामामा उल्लिखित पद नामबाट अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र संलग्न गर्नुपर्नेछ।

### समावेशी समूह तर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन
समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।
क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
ख) **मधेसीका हकमा** मधेशी आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मधेशी आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
घ) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र पेश गर्नुपर्नेछ।
ङ) **थारु/राना थारुको हकमा** राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
च) **आर्थिक रूपले विपन्न खस आर्यको हकमा** प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्बन्धित स्थानीय तहले कानून बमोजिम तोकिएभन्दा कम वार्षिक आय भएको विपन्न खस आर्य समुदायको व्यक्ति भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ।
छ) **मुस्लिमको हकमा** मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मुस्लिम आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
ज) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात पेश गर्नुपर्नेछ।

**द्रष्टव्य**
क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधि भरमा एक पटक मात्र पाउनेछ।
ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा सेवा ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउनेछैन।
ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन।
घ) स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरू अनिवार्य रूपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।
ङ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।
च) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।
छ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तर तह, खुला तथा समावेशीतर्फ दरखास्त दिने उम्मेदवारका लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सोको १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
ज) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/

(बाँकी ९ पृष्ठमा)

## नौ वर्षपछि टावर स्थापना

**हेटौँडा समाचारदाता**
*हेटौँडा (मकवानपुर), पुस २९ गते*

नौ वर्षको निरन्तर पहलपछि पूर्वी मकवानपुरको बागमती गाउँपालिका–३, गडन कुटिभकारीमा नेपाल टेलिकमको टावर स्थापना गरिएको छ।

वर्सौंदेखि मोबाइल नेटवर्क नपाएर समस्या झेल्दै आएका स्थानीयवासीको प्रयास, स्थानीय सरकारको समन्वय र नेपाल टेलिकम मकवानपुरको सहकार्यमा टावर स्थापना गरिएको हो।

वडा नं. ३ का वडाध्यक्ष कमानसिंह पाख्रिनका अनुसार स्थानीय सरकारबाट प्रदान हुने सेवा, अनलाइन घटना दर्ता प्रणाली जस्ता कार्य नेटवर्क अभावका कारण प्रभावित हुँदै आएको थियो। "टावर प्राप्त गर्न नौ वर्ष लाग्यो, अब वडाभरि नै खुसी छाएको छ," उहाँले भन्नुभयो। अब वडाबाट घटना दर्तालगायतका सेवा अनलाइनमार्फत नै गर्न सक्ने भएका छौँ।

टावर नहुँदा फोन गर्न अग्लो डाँडा चढ्नुपर्ने बाध्यता रहेको स्थानीय कृष्णबहादुर माझीले टावर स्थापना भएपछि आफूहरूलाई निकै सहज भएको बताउनुभयो। "अब फोन गर्न डाँडा खोज्नु पर्दैन, आफन्तसँग घरमै बसेर कुरा गर्न पाइन्छ," उहाँले भन्नुभयो।

३ नं. वडा क्षेत्रमा सडक र विद्युत् सुविधा पुगे पनि सञ्चार सेवामा भने लामो समयदेखि समस्या रहँदै आएको थियो। सञ्चार सेवा अभावका कारण विपत् व्यवस्थापन, आपत्कालीन सेवा तथा सरकारी कामकाजमा समेत स्थानीयले सास्ती भोग्दै आएकोमा अब समस्या समाधान भएको बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले बताउनुभयो।

# जलपन्छी गणना सुरु

**हेटौँडा समाचारदाता**
*हेटौँडा (मकवानपुर), पुस २९ गते*

हेटौँडामा हिउँदे जलपन्छी गणना सुरु भएको छ। शनिबारबाट सुरु भएको गणना सोमबारसम्म चलेको छ। पहिलो दिन कुखुरेनी र राप्तीखोला क्षेत्रमा तथा दोस्रो दिन आइतबार प्राकृतिक जलाशय मत्स्य प्रवर्धन एवं संरक्षण केन्द्र क्षेत्रमा चराको गणना गरिएको हो।

वनविज्ञान सङ्काय तेस्रो वर्षका विद्यार्थी तथा बर्ड कन्जरर्वेसन नेपाल (बिसिएन) हेटौँडा शाखाका संयोजक विवेक मेहताका अनुसार दुई दिनको गणनामा तिलहरी चरा, ठुलो जलेवा, कमन मर्गेन्जर, सेतोकण्ठे माटीकोरे, चखेवा, बकुल्ला, हुटिट्याउँलगायत करिब ६० प्रजातिका जलपन्छी फेला परेका छन्।

राप्तीखोलामा विशेष गरी तिलहरी चरा र पानीमा पौडिरहेको 'कमन मर्गेन्जर' चराको उपस्थिति पाइएको छ। दोलखा र रसुवाको हिमाली क्षेत्रमा बसोबास गर्ने तिलहरी चरा जाडो छल्न हिउँदमा तल झर्ने गणक टोलीले बताएको छ। यही चरा हेर्न विदेशी पन्छी अवलोकनकर्ता हेटौँडा आउने गरेका उनीहरूको भनाइ छ। सोमबार कर्राखोला आसपासका जलपन्छी गणना गरिने छ।

तिलहरी चराले स्वच्छ बगिरहेको पानीमा पाइने साना किरा र लार्भा खाने हुँदा यो चरा फेला पर्नु नदी प्रदूषणरहित भएको सङ्केत मानिन्छ। मसिनो लामो



*तस्बिर सौजन्य : सुस्मिता चौधरी*

**राप्तीखोलामा देखिएको तिलहरी चरा।**

चुच्चो भएका तिलहरीको घाँटीमा माला जस्तै कालो धर्सो देखिने विशेषता हुन्छ। हिमालनजिक गुँड बनाउने यो प्रजाति चिसो बढेपछि आहाराका लागि तल झर्ने गर्छ।

नेपालमा हरेक वर्ष जनवरी ३ देखि १८ सम्म जलपन्छी गणना हुँदै आएको छ। नेपालमा १९८७ देखि विभिन्न सङ्घ संस्थाले जलपन्छी गणना गर्दै आएका छन्। पछिल्लो समय क्रसर उद्योग, नदीमा जथाभावी टिप्पर/मेसिन सञ्चालन, राप्ती नदीमा गाडी धुने कार्य तथा डम्पिङ साइटबाट रसायन मिसिएर पानी प्रदूषित भएपछि जलीय जीव तथा पन्छी सङ्कटमा परेको संरक्षणकर्मीको भनाइ छ। हेटौँडा आसपासका क्षेत्रमै मात्रै करिब दुई सय प्रजातिका पानीमा निर्भर चरा पाइने तथ्य छ।

## भेटियो पहिरोले बगाएको बस

**चितवन समाचारदाता**
*चितवन, पुस २९ गते*

त्रिशूली नदीमा भेटिएको बस अठार महिनाअगाडि सिमलताल दुर्घटनामा परेको बस नै भएको पुष्टि भएको छ। आइतबार बिहान केही भाग मात्र देखिएपछि प्रहरीले बस उत्खनन कार्य सुरु गरेको थियो। उत्खननको तेस्रो दिन मङ्गलबार सिमलताल दुर्घटनामा परेको बस नै रहेको पुष्टि भएको हो।

इलाका प्रहरी कार्यालय मुग्लिङका प्रहरी निरीक्षक प्रतीक सिंहले गणपति डिलक्स बस रहेको बताउनुभयो। उत्खनन गर्दा गणपति डिलक्स लेखिएको भाग फेला परेकाले सोही बस भएको जानकारी दिनुभयो। अझै उत्खनन कार्य जारी रहेकाले अरू थप प्रमाण फेलापार्न सकिने बताउनुभयो।

विसं २०८१ असार २८ गते बिहानपख काठमाडौँबाट गौरतर्फ जाँदै गरेको प्रदेश ०३–००१ ख २४९५ नम्बरको गणपति यातायातको बस र वीरगन्जबाट काठमाडौँतर्फ जाँदै गरेको बागमती प्रदेश ०३–००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बस नारायणगढदेखि २२ किलोमिटर मुग्लिङतर्फ सिमलतालमा माथिबाट आएको पहिरोले सोहोरेर



*तस्बिर : शालिग्राम नेपाल*

**सिमलतालमा पहिरोले त्रिशूली नदीमा झारेको बस खोजी गर्दा मङ्गलबार भेटिएको बसको भाग।**

त्रिशूली नदीमा खसालेको थियो। नदीमा खसेपछि खोजी गर्दा फेला पर्न सकेको थिएन। दुवै बसमा ६५ यात्रु सवार थिए। तीमध्ये नदीमा पुगेको गणपति यातायातको बसमा सवार तीन यात्रु पौडेर निस्किन सफल भएका थिए।

## पानी परीक्षण प्रयोगशाला शुभारम्भ

**हेटौँडा समाचारदाता**
*हेटौँडा (मकवानपुर), पुस २९ गते*

हेटौँडाका उपभोक्तालाई स्वच्छ र शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यसहित अत्याधुनिक पानी परीक्षण प्रयोगशालाको हेटौँडामा औपचारिक शुभारम्भ गरिएको छ। सङ्घीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन कार्यालय र हेटौँडा खानेपानी व्यवस्थापन बोर्डको संयुक्त लगानीमा निर्मित प्रयोगशालाको सोमबार उद्घाटन गरिएको हो।

प्रयोगशालाको हेटौँडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले उद्घाटन गर्नुहुँदै पानीको गुणस्तर परीक्षणलाई वैज्ञानिक र विश्वसनीय बनाउने कार्यको सुरुवात भएको बताउनुभयो। उहाँले हेटौँडावासीलाई सफा र स्वच्छ खानेपानी उपलब्ध गराउने विश्वास पनि दिलाउनुभयो।

# दुई हजारभन्दा बढी निर्वाचन प्रहरी भर्ना गरिँदै

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, पुस २९ गते*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मकवानपुरमा दुई हजार १०२ जना निर्वाचन प्रहरी भर्ना गरिने भएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीका अनुसार आगामी फागुनमा हुने निर्वाचनलाई लक्ष्य गरी मकवानपुरका दुई निर्वाचन क्षेत्रका लागि उक्त सङ्ख्यामा प्रहरी भर्ना अभियान सुरु गरिएको हो। उहाँका अनुसार गत बिहीबार सूचना जारी भएदेखि सोमबारसम्मको अवधिमा एक हजारभन्दा बढीले फाराम भरेका छन्। सार्वजनिक बिदाको समयमा पनि फाराम दर्ता भइरहेको उहाँले बताउनुभयो। गत बिहीबार निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति मकवानपुरले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका लागि एकीकृत सूचना प्रकाशित गर्दै योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरेको हो।

समितिले जारी गरेको सूचना अनुसार निर्वाचन प्रहरी पदका लागि १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेका नेपाली नागरिकले आगामी माघ १ सम्म दरखास्त दिन सक्ने उल्लेख छ। भर्ना हुन चाहनेले जिल्ला प्रहरी कार्यालय मकवानपुर, सशस्त्र प्रहरी बल नेपाल, नं. १४ हेड क्वाटर मकवानपुरमा दरखास्त दिन सक्ने प्रहरीले जनाएको छ। निर्वाचन प्रहरीको कार्यावधि नियुक्ति मितिदेखि ४० दिन वा नेपाल सरकारले तोकेबमोजिम रहने छ।

(पृष्ठ ८ को बाँकी)

सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

झ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सीधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।

ञ) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं छनोट गर्नुपर्नेछ।

ट) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ठ) सूचनामा उल्लिखित विषय वाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

ड) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ।

ढ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

**थप जानकारीका लागि:** ०९१-५२७६००

Website:- http://psc.sudurpashchim.gov.np E-mail: :- ppsc.p7@gmail.com

### प्रदेश निजामती सेवाका अधिकृत आठौँ तहका प्राविधिक पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ४७/२०८२-०८३** **मिति:-२०८२।०९।३०**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवाका खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरिनेछ।

#### अधिकृत आठौँ तह

| क्र.सं. | विज्ञापन नं. ...०८२-८३ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ५२४/०८२-८३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | खुला | १ |
| २ | ५२५/०८२-८३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | थारु/राना थारु | १ |
| ३ | ५२६/०८२-८३ | आर्युवेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | प्रदेश | खुला | १ |

**परीक्षा कार्यक्रम:-** लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।

**परीक्षाको किसिम:-** लिखित परीक्षा, सामूहिक छलफल, सीप परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)

**परीक्षा केन्द्र:-** धनगढी, कैलाली

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।

**दरखास्तको माध्यम:-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मिति:-** २०८२/१०/२० सम्म र दोब्बर दस्तुर तिरी २०८२/१०/२७ सम्म।

**उम्मेदवारको उमेरको हद:-** २०८२/१०/२० सम्म पुरुष उम्मेदवारको हकमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा समेत ४५ वर्ष ननाघेको हुनुपर्नेछ। तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नुपर्नेछ।

**दरखास्त दस्तुर:-** रु. १,०००/- (एक हजार रुपैयाँ मात्र)। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकका लागि ४००/- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्। त्यसपछि बैंक छानी Online Payment छान्नुहोस् र तोकिएको वालेटहरू छानी Username, Password राखी भुक्तानी गर्नुहोस्।

Offline Payment का लागि My Application मा गएर All Application मा Click गरेपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्। त्यसपछि तोकिएको बैंक छानी Offline Payment छान्नुहोस र Click here मा Click गरी Voucher Generate गरि सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ। ***कुनै पनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिनेछैन।***

**दरखास्त दस्तुर बुझाउने अवधि:-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरू:-** अनलाइन दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ।

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका (पहिलो संशोधन), २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाहि तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ।

**अन्तर्वार्ता हुने मिति:-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम।

**सेवा, शर्त र सुविधा:-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

#### खुला प्रतियोगिताका लागि आवश्यक न्यूनतम योग्यता:

१. **मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त।

२. **आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधि प्राप्त।

#### खुला तथा समावेशी परीक्षाका लागि सूचना

(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ख) खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहका लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन)।

(ग) खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।

(घ) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुन अगाडि रोजाइको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।

(ङ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनोट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

(च) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

(छ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

#### समावेशी समूह तर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

ख) **मधेसीका हकमा** मधेशी आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मधेशी आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

घ) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र पेश गर्नुपर्नेछ।

ङ) **थारु/राना थारुको हकमा** राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

च) **आर्थिक रूपले विपन्न खस आर्यको हकमा** प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्बन्धित स्थानीय तहले कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस आर्य समुदायको व्यक्ति भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ।

छ) **मुस्लिमको हकमा** मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मुस्लिम आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

ज) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात पेश गर्नुपर्नेछ।

#### द्रष्टव्य

क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधि भरमा एक पटक मात्र पाउनेछ।

ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा सेवा ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउनेछैन।

ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन।

घ) स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरू अनिवार्य रूपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

ङ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।

च) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।

छ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तर तह, खुला तथा समावेशीतर्फ दरखास्त दिने उम्मेदवारका लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सोको १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

ज) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

झ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सीधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।

ञ) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ।

ट) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ठ) सूचनामा उल्लिखित विषय वाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

ड) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ।

ढ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

**थप जानकारीका लागि:** ०९१-५२७६००

Website:- http://psc.sudurpashchim.gov.np E-mail: :- ppsc.p7@gmail.com